यस कार्यालयमा हालसम्म सार्वजनिक सेवाको वडापत्र, अपराध पीडितका अधिकार, शंकितका आधारभूत अधिकार र स्वच्छ सुनुवाईका मान्यता उल्लिखित साइन पोष्ट टाँस भएको नपाईएको, कार्यालयको वार्षिक कार्ययोजना एवं एकिकृत कार्यसञ्चालन कार्यविधि, २०७८ बमोजिम शाखा तथा कर्मचारीहरुलाई जिम्मेवारी नतोकेको तथा सार्वजनिक खरिद एकाई गठन भएको नपाईएको समेतको पृष्ठभूमिलाई मध्यनजर गरि आज मिति २०७९।०६।२८ गते शुक्रबारका दिन श्री उच्च सरकारी वकील कार्यालय, तुलसीपुरका कार्यालय प्रमुख एवं सहन्यायाधिवक्ता श्रीमान मोहन सागर बश्यालज्यूको अध्यक्षतामा देहायका कर्मचारीहरुको उपस्थितिमा बैठक बसी देहायका विभिन्न विषयगत प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

**उपस्थितिः**

सहन्यायाधिवक्ता श्री मोहन सागर बश्याल

उप-न्यायाधिवक्ता श्री चन्द्र बहादुर सिंजाली

सहायक न्यायाधिवक्ता श्री ढक बहादुर रावत

सहायक न्यायाधिवक्ता श्री टिका कुमारी रोका के.सी.

नायब सुब्बा श्री वासु देव पन्थी

सहायक कम्प्युटर अपरेटर श्री अनु महरा

हलुका सवारी चालक श्री परशु नन्दन चौधरी

कार्यालय सहयोगी श्री बुद्धीराम चौधरी

कार्यालय सहयोगी श्री महेश चौधरी

कार्यालय सहयोगी श्री बिपिन वली

**छलफलका लागि प्रस्तुत भएका प्रस्ताव (ऐजेण्डा) हरु** :–

प्रस्ताव नं. १ कार्यालय व्यवस्थापन तथा सञ्चालन सम्वन्धमा।

प्रस्ताव नं. २ रणनीतिक योजनाको कार्यान्वयन सम्वन्धमा ।

प्रस्ताव नं.३ विविध ।

**प्रस्ताव नं. १. मा छलफल गर्दा** कार्यालयका सार्वजनिक सेवा वडापत्र (Citizen Charter), अपराध पीडितका अधिकार, शंकितका आधारभूत अधिकार र स्वच्छ सुनुवाईका मान्यता उल्लिखित साइन पोष्टहरु ३ (तीन) दिन भित्र तयार गरी टाँस गर्ने, उजुरी वा गुनासो पेटिका राख्ने साथै ७ (सात) दिन भित्र महान्यायाधिवक्ताको कार्यालयले तोकि दिएको परिमार्जित मुद्दा दायरीहरु छपाई कार्यान्वयनमा ल्याउने तथा मुद्दा एवं अन्य काम कारवाहीका सम्वन्धमा मुद्दा व्यवस्थापनलाई अझ वढी चुस्त, दुरुस्त, प्रभावकारी र व्यवस्थित बनाउने ,

निजामती कर्मचारीको हैसियतमा मात्र नभई सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुको आचार संहिता, २०७३ को साथै निर्वाचन आयोगबाट आगामी मंसिर ४ गते हुन गईरहेको निर्वाचन सन्दर्भमा जारी आचारसंहिताको विषयमा कार्यालय प्रमुखबाट स्मरण गराउदै सबै कर्मचारीहरुले त्यसको पूर्णतः परिपालना गरी व्यवहारमा लागू गर्ने प्रतिवद्धता जाहेर गर्न अनुरोध गरे बमोजिम सबैले आचारसंहितालाई प्रथमिकताका साथ लागू गर्ने गराउने,

यस कार्यालयको सूचना अधिकारी र पीडित सहायता अधिकृत समेतको रुपमा कार्य गर्नेगरी सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका के.सी.लाई तोक्ने,

यस आ.व. को लागि आ.व. ०७९/०८० को विनियोजित वजेटको परिधिभित्र रही सार्वजनिक खरिद कार्य सम्पन्न गर्न उपन्यायाधिवक्ता श्री चन्द्रबहादुर सिंजालीको संयोजकत्वमा सहायक न्यायाधिवक्ता श्री टिका कुमारी रोका के.सी. र ना.सु श्री वासुदेव पन्थी सदस्य रहने गरी सार्वजनिक खरिद इकाई गठन गर्ने,

**प्रस्ताव नं. २ मा छलफल गर्दा** महान्यायधिवक्ताको कार्यालयबाट जारी भएको रणनीतिक योजनाको कार्यान्वयनको शिलशिलामा जारी यस कार्यालयको वार्षिक कार्ययोजना एवं एकिकृत कार्यसञ्चालन कार्यविधि, २०७८ को कार्यान्वयनलाई पूर्णता दिन कार्यालयमा शाखा र जिम्मेवारीमा रहने कर्मचारी तोकि कार्यविवरण प्रदान गरि तपसिलको बमोजिम शाखा प्रमुख तथा कर्मचारी रहि कामकाज गर्ने गराउने,

१. प्रशासन, योजना तथा कानूनी राय शाखा : उपन्यायाधिवक्ता श्री चन्द्रबहादुर सिंजाली
२. मुद्दा तथा रिट शाखा र वहस पैरवी व्यवस्थापन शाखा :– सहायक न्यायाधिवक्ता श्री टिका कुमारी रोका के.सी. र ना.सु.श्री वासुदेव पन्थी ।
३. कसूर पीडित तथा साक्षी संरक्षण र हिरासत अनुगमन शाखा :– सहायक न्यायाधिवक्ता श्री ढक बहादुर रावत ।
५. साईवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखा (Cyber Security and ICT Section) :– स.क.अ. श्री अनु महरा
६. पुस्तकालय शाखा :–खरिदार
७. आर्थिक प्रशासन फाँट :– लेखापाल श्री रन्जित कुमार लम्साल
८. दर्ता चलानी सोधपुछ फाँट :– खरिदार

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्न उपन्यायाधिवक्ता श्री चन्द्रबहादुर सिंजालीको संयोजकत्वमा सहायक न्यायाधिवक्ता श्री ढकबहादुर रावत, सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका के.सी., ना.सु.श्री वासुदेव पन्थी, लेखापाल श्री रन्जितकुमार लम्साल र स.क.अ. श्री अनु महरा सदस्य रहनेगरी योजना कार्यान्वयन समिति गठन गर्ने,

**प्रस्ताव नं. ३ मा छलफल गरी** प्रत्येक महिनाको अन्तिम शुक्रबारको दिन नियमित रुपमा यस कार्यालयका कर्मचारीहरुको बैठक बस्ने एवं आफ्नो जिम्मेवारीमा भए गरेका कामहरुको समिक्षा गर्ने निर्णय गरियो ।

कार्यालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहको मापन गर्न ३ दिन भित्र सेवाग्राही सन्तुष्टी फाराम/नागरिक प्रतिवेदन फाराम (Citizen Report Card) तयार गरी प्रयोगमा ल्याउने ।